इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या १२ मिति २०७९।१०।२६

भाग-२

इच्छाकामना गाउँपालिका

## कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०७९

इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

# कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०७९

**प्रस्तावना:**

इच्छाकामना गाउँपालिकाकाकृषकहरूले उत्पादन गरेको कृषि उपजहरूलाई सहज ढुवानीको पहुच पुर्याई उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गर्ने उदेश्यले इच्छाकामना गाउँपालिकालेकृषि एम्बुलेन्स सेवा संचालन गर्न कार्यविधि आवश्यक भएकाले मिति२०७९/१०/२६को गाउँकार्यपालिकाको बैठकले पारित गरि यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधि नाम "कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०७९" रहेको छ ।

२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

३) परिभाषा विषय र प्रसंगले आर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कृषि एम्बुलेन्स" भन्नाले इच्छाकामना गाउँपालिकाले सञ्चालन गर्ने कृषि उपज ढुवानी गर्ने सवारी साधनलाइ सम्झनुपर्छ ।

ख) "गाउँपालिका" भन्नाले इच्छाकामना गाउँपालिका लाई जनाउछ ।

ग) "कृषक समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागी गठन भएका १५ भन्दा बढीमा २५ जना सम्माको कृषकहरुको समूहलाई वुझाउनेछ ।

घ) "सहकारी" भन्नाले कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागी ३० जना भन्दा वढी व्यक्तिहरु मिलि सहकारी ऐन २०७४ वमोजिम दर्ता भएको संस्था वुझाउनेछ ।

ङ) "कृषि उपज" भन्नाले बजारीकरणको उद्देश्य राखी गरिएको कुनै पनि किसिमको कृषि/पशुजन्यउत्पादनलाई सम्झनुपर्छ ।

च) "आवेदक" भन्नाले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि अनुदान लिनका लागि सम्वन्धित गाउँकार्यपालिकाको कार्यालयमा आबेदन दिएका कृषि सहकारी वा कृषक समूहलाई सम्झनुपर्छ ।

छ) "अनुदानग्राही" भन्नाले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम अनुदानको लागि छनौट भएका आवेदकहरु सम्झनु पर्दछ ।

२. उद्देश्यः यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) नासवान कृषि उपजहरु पशुपन्छीजन्य उत्पादन तथा मौरीको गोला ढुवानीलाई सहज गुणस्तरीय र छिटो छरितो हुने गरी व्यवस्था गर्ने।

ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थल सम्म पुर्याउदा हुने नोक्सानी बाट जोगाउने र थप आम्दानीमा बृद्दी गर्ने।

ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गरी उपभोक्ता सम्म गुणस्तरीय उत्पादन पुर्याउने ।

## परिच्छेद–२

## कार्यक्रम संचालन विधि

**३. कार्यक्रम संचालन :** यो कार्यक्रम गाउँपालिका भित्र कृषि उपज ढुवानीमा कठिनाई भएको स्थानमा सञ्चालन हुनेछ ।

**४. प्रस्ताव माग गर्नेः** १) कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमको लागि सहयोग पुर्याउन अनुदान दिने उद्देश्य गाउँकार्यपालिकाको कार्यलयले १५ दिने म्याद दिई स्थानीय पत्रिका, रेडियो, एफ.एम. तथा अनलाइन पत्रिका मार्फत प्रस्ताव आह्वान गरी अनुसूची–१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । उक्त सूचना गाउँकार्यपालिकाको कार्यलयको वेबसाइट, सूचनापाटीमा पनि टाँस गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशनको पश्चात आवेदकले अनुसूची–२ बमोजिमको निवेदन साथ देहायबमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

क) माग निवेदनको साथ कृषि सहकारी वा कृषक समूहको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

ख) सम्बन्धित वडा कार्यलयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको र नहुने कार्यक्रमको दिन उपयुक्त हुने ब्यहोरा लेखिएको सिफारिस पत्र,

ग) समूह वा सहकारीको कार्यसमितिको बैठकले कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम माग गर्नको लागि गरेको निर्णय प्रतिलिपी,

घ) कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रमकोलागि आवेदक वा निजको अनुसुचि-३ वमोजिमको प्रतिवद्धतापत्र साथ सञ्चालन गर्ने प्रतिवद्धता,

३) तर, आवेदकहरु गाउँपालिका कृषि शाखामा उपस्थित हुन नसकेमा इमेलमार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

४) मुल्यांकनः

क) गाउँपालिका कृषि शाखा र आर्थिक विकास समितिले प्रस्ताब अध्ययन गर गाउँकार्यपालिका बैठकमा पेश गर्नेछ ।

ख) गाउँकार्यपालिका बैठकबाट स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्बन्धित आवेदकलाई गराइने छ ।

## परिच्छेद- ३

## संस्थागत व्यवस्था

५. पालिकास्तरीय संचालक समितिको गठनः १) संचालकसमितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| क)आर्थीक विकास समिति संयोजक | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) कृषक समूह/ सहकारीको प्रतिनिधि | सदस्य (२) |
| घ) कृषि शाखा प्रमुख | सदस्य सचिव |

२) संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) संचालन समितिको बैठकको पूर्ण सहमतिमा निर्णय गरि सहकारी वा समूहले तिन सदस्य उपसमिति गठन गर्न सक्नेछ ।

ख) ढुवानी साधन परिचालनका सम्बन्धमा सम्पूर्ण जिम्मेवारी उपसमितिमा निहित रहने छ भने अन्तिम निर्णय सञ्चालक समितिको हुनेछ ।

६. ढुवानी साधन उपसमितिको काम र कर्तव्य :क) ढुवानी साधनको मर्मत सम्भारको क्रममा अनुगमन तथा निरक्षण गर्ने ।

ख) ढुवानी साधनको संचालनका क्रममा भई आएका आम्दानि तथा खर्च बिवरण विल भरपाईका साथमा संचालक समितिमा प्रगति प्रतिबेदन सहित प्रस्तुत गर्ने ।

ग) संस्थाको आर्थिक प्रबर्दनका लागि जिम्मेवारीपूर्ण भई कार्य गर्ने ।

घ) ढुवानीको ब्यापारकालागि ब्यक्ति, संघ संस्थासंग समन्वय सम्पक राख्ने ।

ङ) चालकलाई काज खटाउने, रेखदेख, निरिक्षण, मूल्याङ्कन सम्बन्धी कार्य सम्पादन गर्ने ।

च) चालकको दैनिक हाजिरी रेकर्ड राख्न लगाउने तथा निरिक्षण तथा स्वीकृत गर्ने ।

छ) दैनिक, हप्ता, मासिक ढुवानी तथा सवारी चलाउने कार्ययोजना बनाउन लगाई स्वीकृत गर्ने ।

ज) ढुवानी साधन तथा अन्य सवारी साधनको लगबुक रेकर्ड चुस्त दुरुस्त राख्न लगाउने र हरेक महिनामा समितिले तोकेको व्यक्तिले स्वीकृत गर्ने ।

झ) दैनिक रुपमा ढुवानी साधनको धुलाई, सरसफाई गरि सफा राख्ने र राख्न लगाउने ।

ञ) ढुवानी साधन काममा नभएको अवस्थामा सुरक्षित अवस्थामा पार्किङ्गको व्यवस्था गर्ने ।

ट) ढुवानी साधनको व्लू बुक, नविकरण, विमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउने ।

७. चालकको पारिश्रमिक तथा सेवा सुविधा : क) चालक कर्मचारीको तलब तथा थप सेवा सुविधा सहकारी/ कृषक समूहको आर्थिक तथा प्रशासनिक नियमावली अनुसार तथा संचालक समितिले तोकेअनुसार हुनेछ ।

ख) चालकको दुर्घटना विमा गरिने छ ।

८. **चालक कर्मचारीको काम तथा कर्तव्यः** क) सहकारी/ कृषक समूहको आर्थिक पार्दशितामा इमान्दर, असल चरित्र प्रदर्शन गरि तथा पूर्ण जिम्मेवारी भई सञ्चालक समिति, उपसमिति, व्यवसाय प्रबन्धक र सहायक लेखा तथा प्रशासन सहायकले अह्राएको-खटाएको कार्यमा ढुवानी साधन चलाउने वा सो बमोजिम आदेश-निर्देशनको पालना गर्ने ।

ख) सहकारी वा कृषक समूहलेसहकारी/ कृषक समूहका सदस्य तथा अन्य सहकारी/कृषक समूहहरु मार्फत खरिद गर्ने खसी/बोका, तरकारी तथा अन्य कृषि सामाग्रीको लोड/अनलोड कार्य गर्नुपर्नेछ ।

ग) ढुवानी गर्ने, ढुवानी व्यवसायि, ढुवानी साधन व्यवसायि र ढुवानी संघ संस्थाहरु सँग समन्वय र सम्पर्क गरि बजार प्रबर्दन गर्ने र आबश्यक सूचना संकलन गर्ने र सहकारी/ समूहलाई आवश्यक भएकाहुने सूचनाहरुको अभिलेखिकरण गर्ने ।

घ) सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरि बिजक जारि गर्ने ।

ङ) मासिक रुपमा ढुवानी साधनको स्थिति तथा कारोबारका प्रगति बिवरण प्रस्तुत गर्ने ।

च) कृषि तथा पशु ढुवानी ब्याबसायि र ब्यापारि संग समन्वय गरि कृषि उपज ब्यापारमा वृद्धि गर्ने ।

छ) ढुवानी साधनको विमा, ब्लु बुक नबिकरण तथा धुवारहित स्टीकर समयमै लिने ।

झ) संचालक समिति र ब्याबसाय प्रबन्धक प्रति उत्तरदायि भई दिएको जिम्मेवारी पुरा गर्ने ।

ञ) ढुवानी साधनको मर्मत सम्भार र दैनिक क्रियाकलापमा भए गरेका प्रमाणीत फोटो तथा आम्दानी तथा खर्चको विल भौचर दुरुस्त प्रस्तुत वा पेश गर्ने । अन्यथा आर्थिक पारदर्शिता अवलम्बन नगरेमा वा आर्थिक बेइमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारी नियमावली अनुसार कार्वाही गरिनेछ ।

९. **आम्दनी, दायित्व र ह्रास कट्टिः**

१)आम्दानी :

आम्दानी भन्नाले बाहलमा ढुवानी साधन संचालन गर्दा आर्जित हुन आउने सम्पुर्ण रकमलाई जनाउनेछ र यस्तो किसिमको रकम लाई सहकारी वा समूहको आम्दानीका रुपमा बाधिने छ ।

२)दायित्व :

दायित्व भन्नाले ढुवानी साधन खरिद गर्दा लिएको कुनै पनि किमिको ऋण बा उपहार कोष जुन सम्झौता, सर्तमा उल्लेख गरिएको नितिनियम बमोजिम फिर्ता गर्नुपर्ने रकम लाई बुझिन्छ ।

३)ह्रास कट्टि :क) ह्रास कट्टि भन्नाले विभन्न स्थिर सम्पत्तीहरुको प्रयोग गर्ने क्रममा घिसिने, खियिने र टुटफुट भएर स्वरुपमा परिवर्तन भएर जानु लाई बुझिनेछ।यसरी सम्पत्तीको स्वरुपमा हुने परिवर्तनले बर्षेनी निश्चित प्रतिशतमा सम्पत्ततीको मुल्य घट्दै जान्छ ।

ख) बर्षको अन्त्यमा ढुवानी साधनको बास्तवीक लागत मा १० प्रतिशतका दरले सिधा रेखा विधि वा घट्दो शेष मुल्य बिधिमा ह्रसा कट्टा गरी लेखा राखीनेछ ।

४) कृषि एम्बुलेन्स संचालन गर्ने कृषक समूह/सहकारीहरुले आम्दानीको २०% हुन आउने रकम माषिक रुपमा छुट्टै बैंकिङ कोष खडा गरि बचत गर्नुपर्ने छ ।

१०. **ढुवानी साधन सञ्चालनमा चालकले अनिवार्य अवलम्बन गर्नु पर्ने नियमहरु:** क) सवारी साधन तथा ढुवानी साधन चलाउने जिम्मेवारी पाएको आधिकरिक चालकले मात्र चलाउन पाउने छ र चालकले पनि विना अनुमति वा विना काम ढुवानी साधन चलाउन पाउने छैन ।

ख) चालकले अन्य व्यक्तिलाई कुनै पनि बेला, ठाउँ र परिवेशमा चलाउन दिन मिल्ने छैन ।

ग) नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ।

घ) सहकारी वा कृषक समूहले सिफारिस गरेको व्यक्तिहरु वाहेक अन्य कुनै पनि व्यक्तिहरुलाई वा कुनै सामान विना अनुमति बोक्न पाइने छैन् ।

ङ) लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन र सडकको अवस्था हेरविचार गरि पूर्वसावधानी अनिवार्य अपनाउनु पर्नेछ ।

च) लोडेड साधनलाई रोक्नु परेमा आवश्यक सुरक्षा तथा सावधानी अपनाउनु पर्नेछ ।

११. **भाडादर निर्धारण:** सहकारी वा समूहले ढुवानी - यातायात साधन संचालन गर्दा निम्मानुसार भाडादर निधारण गर्न सक्ने छ ।

१. सहकारी/ समूहले ढुवानी साधन संचालन गर्दा दुरिको आधारमा

| क.स. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति किलोमिटर सदस्यका लागि रु. | गैर सदस्यका लागि रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. सहकारी/समूहले ढुवानी साधन संचालन गर्दा तौलको आधारमा

| क.स. | देखि | | सम्म | जम्मा तौल | सदस्यका लागि रु. प्रति के.जी | गैर सदस्यका लागि रु. प्रति के.जी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. सहकारी/ समूहलेढुवानी/यातायात साधन संचालन गर्दा संख्याको आधारमा

| क.स. | देखि | सम्म | जम्मा संख्या | प्रति संख्या रु. सदस्यका लागि | प्रति संख्या रु. गैर सदस्यका लागि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. सहकारी/ समूहले ढुवानी/यातायात साधन संचालन गर्दा बजार दररेटको आधारमा रिजर्भ

| क.स. | देखि | सम्म | रु. सदस्यका लागि | रु. गैर सदस्यका लागि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२. कार्यक्रम कार्यान्वयन: १) सम्झौता पश्चात अनुदान ग्राही ले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ साथै कार्यसम्पादन यसै आ.व. भित्र गरिसक्नुपर्नेछ ।

२) कार्यक्रम संचालनको अधिकतम समय सीमा सम्झौतामा तोकियको अनुसार हुनेछ र अवधिभित्र क्रियाकलाप सम्पन्न गरी फरफारक समेत गर्न सकिनेछ ।

३) स्थलगत निरीक्षण गर्दा दिएका सुझावहरु बमोजिम कार्य सन्तोषजनक नपाइएमा गाउँकार्यपालिकाको कार्यलयले ७ दिनसम्म समयावधि प्रदान गरी कार्यक्रम सञ्चालनमा गुणस्तर कायम गर्न सचेत गराउने छ ।

४) उपदफा ३ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसकी नसकेको देखिएमा सम्झौता गर्ने निकायले सम्झौता खारेज गर्न सक्नेछ ।

१३. अनुदान मूल्यांकन का मापदण्डहरुः कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम कार्यविधि सञ्चालनका लागि तपसिल बमोजिमका आधारहरुलाई प्राथमिकता दिइनेछ ।

क) कार्यक्रम संचालन हुने स्थानमा कृषि उत्पादनको मात्रा र विविधताको प्रशस्तता,

ख) यस कार्यक्रमबाट कृषि तथा पशुपन्छी जन्य उत्पादन माछा, तरकारी, फलफूल, मौरी गोला स्थानान्तरणको लागी आवश्यक ढुवानी साधन खरिद गर्न सकिने छ । डवलक्याब पिकअपहरू खरिद गर्न सकिने छैन ।

**१४. अनुदान रकम र भुक्तानी प्रक्रिया:** १) तोकिएको साझेदार संस्थालाई७५%(पचहत्तर प्रतिशत) सम्म अनुदान रकम सम्बन्धित अनुदान ग्राही लाई उपलब्ध गराइनेछ ।

२) अनुदान रकमको भुक्तानी एकमुष्ट रुपमा खरिद प्रक्रियामा गाउँकार्यपालिकाको कार्यलयको आर्थीक प्रशासन शाखा मार्फत प्रदान गरिनेछ ।

३) साझेदारी कार्यक्रम सम्पन्न भइसकेपछि सोको सञ्चालन लगायत मर्मतसम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहिको हुनेछ । अनुदानग्राहीले कम्तीमा १० वर्षसम्म अविच्छिन्न रुपमा सम्झौता वमोजिमको कृषि एम्बुलेन्स सञ्चालन गर्नुपर्नेछ ।

४) खरिद प्रक्रिया नेपाल सरकारको खरिद नियमावली२०६४ (बाह्रौं संशोधन) अनुसार हुनेछ ।

## परिच्छेद–४

## अनुगमन र विविध

१५. अनुगमन तथा मुल्यांकन: १)गाउँपालिका स्तरीय समिति र सम्बन्धीत वडाका जनप्रतिनिधिहरुको सहयोग तथा समन्वयमा यस कार्यविधिअनुसार संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

२) अनुगमन निरीक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले कम्तिमामहिनाको एकपटक गर्नेछ ।

१६. बाधा अड्काउ फुकाउ: यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सो को निरुपण गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१७. संशोधन: यो कार्यविधि गाउँकार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

## अनुसूची -१
(दफा ४ (१) सँग सम्बन्धित )

## इच्छाकामना गाउँपालिका

## कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ........... गते

आ. व. .......मा इच्छाकामना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार, चितवनको वार्षिक स्वीकृत कार्यक्रम कृषि एम्बुलेन्स सेवा संचालन कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र कृषिजन्य उपजको सहज ढुवानी पुर्याउने उद्देश्यले कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषकसमूह/कृषि सहकारीहरुले तपशिलका आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार प्रस्ताव दर्ता गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

आवश्यक मापदण्ड/ कागजातहरु

- सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी दर्ता तथा नविकरण भएको । प्रमाणपत्रको प्रतिलिपि ।
- प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि, संस्थागत निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिस पत्र ।
- कार्यालयले तयार पारेको स्वीकृत प्राविधिक स्पेसिफिकेसन अनुसार Single cab pick up खरिद गरी उपलब्ध गराइनेछ । ढुवानी साधन कम्तिमा १० वर्ष अवधिसम्म स्वामित्व हस्तान्तरण गर्न पाइने छैन ।
- आवेदक संस्थाले कम्तिमा २५% साझेदारी गर्ने श्रोत सहितको प्रतिबद्दता पत्र साथैसम्झौताको बखत सो रकम गाउँपालिकाको बैंक खातामा जम्मा गर्नुपर्ने छ ।
- आवेदक संस्थाले सो सेवा संचालनको कुल आंम्दानीको कम्तिमा २०% हुन आउने रकममासिक रुपमा छुट्टै बैंकिङ कोष खडा गरि बचत गर्ने प्रतिबद्धता सहितको पत्र ।

पुनश्चः प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

अनुसूची २
(दफा ४ (२) सँग सम्बन्धित)
इच्छाकामना गाउँपालिका

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
इच्छाकामना गाउँपालिका
कुरिनटार, चितवन ।

विषयः साझेदारी कार्यक्रममा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस इच्छाकामना गाउँपालिकाबाट मिति..................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो..........समूह वा सहकारी सदस्यहरुले...............कार्यक्रम संचालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छौ ।

निवेदक

.................................

निवेदन साथ संलग्न कागजातहरु

- सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, प्यान / करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,संस्थागत निर्णयको प्रतिलिपि,
- वडा कार्यालयको सिफारिस पत्र, कम्तिमा २५% साझेदारी गर्ने श्रोत सहितको प्रतिबद्दता पत्र, सेवा संचालनको कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ कोष खडा गरि बचत गर्ने प्रतिबद्दता सहितको पत्र

## अनुसूची ३

**(दफा ४ (२) को (घ) सँग सम्बन्धित)**

**इच्छाकामना गाउँपालिका**

**प्रतिवद्धता पत्र**

इच्छाकामना गाउँपालिका कृषि विकास शाखाको मिति ...................... को सूचना अनुसार कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रममा छनोट भएकाले कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७९ बमोजिमको कार्य गर्नेछु र कार्यक्रम लागत स्टमेट अनुसार जम्मा रु .................... आवश्यक पर्नेमा रकम रु...........(अक्षरुपि..........................) हाम्रो आन्तरिक श्रोतबाट व्यहोने मन्जुर भइ लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछौ साथै १० वर्ष सम्म निरन्तरता दिनेछौ । कार्य योजना अनुसार कार्य नगरेमा वा १० वर्ष अगावै सो कार्य बन्द गरेमा इच्छाकामना गाउँपालिकावाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ अन्यथा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछौ ।

इति सम्बत २०.... साल...... महिना ........ गते रोज ....... शुभम ।

अनुदानग्राहिको तर्फबाटः
नाम
पदः
संस्थाको नाम :
ठेगाना :
सम्पर्क नः
दस्तखतः
छाप
दाँया

| दाँया | बाँया |
|---|---|

## सम्झौता पत्र

मिति ............................ का दिन यस इच्छाकामना गाउँकार्यपालिकाको कार्यालय (प्रथम पक्ष भनिने) र ............................सहकारी/ कृषक समूह (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रही कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम कार्यविधि, २०७९ कार्यक्रम सञ्चालन गर्न यो सम्झौता गरी एक एक प्रति लियौं दियौं।

<u>तपशिल</u>

१. नेपाल सरकारले जारी गरेका यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ।

२. सवारी साधन तथा ढुवानी साधन चलाउन आधिकरिक चालकले मात्र चलाउन पाउने छ र लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन ।

३. दोस्रो पक्षले सेवा संचालन गर्दा कुल आम्दानीको कम्तिमा २०% हुन आउने रकम मासिक रुपमा छुट्टै बैंकिङ्ग कोष खडा गरि बचत गर्नु पर्ने र सो को जानकारी प्रथम पक्षलाई दिनु पर्ने ।

४. कृषि एम्बुलेन्स सेवाले सेवा क्षेत्रको कृषि तथा पशुजन्य उत्पादन सामाग्रीलाई मात्र ढुवानी सेवा उपल्बध गराउनु पर्ने र ढुवानी गर्दा अति सिमान्तकृत वा निम्न आय भएका किसानका कृषि वस्तु ढुवानी गर्न प्रथमिकता दिनुपर्ने छ ।

५. ढुवानी साधनको व्लू बुक, नविकरण, विमा र सरकारी करहरु नियमितरुपमा तिर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

६. सामाग्री ढुवानी ओसार पसार गर्दाको समयमा सहि दरभाउ कायम गरि विजक जारि गर्नु पर्ने।

७. ढुवानी साधनको कम्तिमा १० वर्ष अवधिसम्म स्वामित्व हस्तान्तरण गर्न पाइने छैन ।

८. यो सम्झौता भित्र नपरेका अन्य सर्तहरु इच्छाकामना गाउँकार्यपालिका को निर्णय वमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहवर | दोश्रो पक्षको तर्फबाट |
|---|---|---|
| .............................. | ..................... | .............................. |
| प्रमुख प्रशासकीय अधिकृत<br>इच्छाकामना गाउँपालिका | कृषि शाखा प्रमुख | अध्यक्ष / प्रमुख |

आज्ञाले,<br>
जगत प्रसाद भुसाल<br>
प्रमुख प्रशासकीय अधिकृत